# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### बैंक-वित्तीय संस्थाको मर्जरपछिको प्रभावकारिता सम्बन्धी अन्तर्किया

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागद्वारा २०७१ माघ १८ गते मर्जर पश्चात बनेका बैंक तथा वित्तीय संस्थाको अवस्था र मर्जरको प्रभावकारिता विषयक एक अन्तर्किया कार्यक्रम आयोजना गरियो । मर्जरपछि बनेका बैंक तथा वित्तीय संस्थाको अवस्था र मर्जरको प्रभावकारिताका सम्बन्धमा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागद्वारा सम्पन्न गरिएको अनुसन्धानको प्रारम्भिक नतिजाबारे सम्बन्धित पक्षलाई जानकारी गराउनुका साथै सम्बन्धित पक्षको समेत सुझाव लिई आगामी नीति तय गर्नु सो कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रममा गभर्नर, द्वय डेपुटी गभर्नरहरू, नेपाल राष्ट्र बैंकका विशिष्ट अधिकारीहरू, मर्जर भई बनेका बैंक तथा वित्तीय संस्थाका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा बैंकर्स तथा वित्तीय संस्था संघका प्रतिनिधि लगायतको उपस्थिति थियो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा.खतिवडाले वित्तीय स्थायित्व हासिल गर्दै वित्तीय पहुँच बढाउन वित्तीय संस्थाहरुको संस्थागत सुदृढता आवश्यकता महसुस गरी मर्जरको रणनीति ल्याइएको सम्बन्धमा प्रकाश पार्नुभयो । तीव्र आर्थिक वृद्धि हासिल गर्न पूर्वाधार क्षेत्रमा बैंकको ठूलो लगानी आवश्यक पर्ने हुँदा सो पुँजीको आवश्यकता महसुस भएर पनि मर्जर व्यवस्था गरिएको चर्चा गर्दै उहाँले लहडमा बैंक खोल्नेहरूलाई बैंकिङ व्यवसायबाट तिनको सुरक्षित बहिर्गमन दिन पनि मर्जर आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

मर्जरका लागि बाध्यात्मक र स्वेच्छिक दुई बाटामध्ये स्वेच्छिक बाटो अवलम्बन गरिएको जानकारी दिँदै गुणस्तरीय सेवा अभिवृद्धि तथा थप प्रतिस्पर्धा सिर्जना गर्नका लागि आगामी दिनमा समेत मर्जर निरन्तर रहने उहाँले प्रष्ट पार्नुभयो । निश्चित संस्थाहरु मर्जर भइदिए हुन्थ्यो भन्ने नेपाल राष्ट्र बैंकको चाहना रहेको चर्चा गर्दै उहाँले सो अन्तर्किया कार्यक्रमबाट आएका सुझावहरु उक्त अनुसन्धानलाई पूर्णता प्रदान गर्न उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले अनुसन्धानको प्रारम्भिक नतिजामा आधारित कार्यपत्र प्रस्तुत गर्नुहुँदै सेवाग्राहीको सन्तुष्टि, कर्मचारीको उत्प्रेरणा, संस्थागत सुशासन, संस्थाको प्रतिस्पर्धात्मक क्षमता र लगानीकर्ताको हितलाई अनुसन्धानको आधार लिइएको जानकारी दिनुभयो । अनुसन्धानको नतिजाका बारेमा मर्जरपछि सो संस्थाहरुबाट सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको, सेवा प्राप्त गर्ने समयमा सुधार आएको, संस्था ठूलो भएका कारण सकारात्मक नतिजा आउन थालेको, वचतकर्ताको हकहित सुरक्षित हुँदै गएको, कर्मचारीहरुमा सन्तुष्टिको स्तर बढ्दै गएको, शेयरमूल्यमा सकारात्मक वृद्धि हुँदै गएको, संस्थागत सुशासन राम्रो हुँदै गएको, नाफा समेत बढ्दै गएको नतिजा देखिएकाले मर्जरलाई सकारात्मक रुपमा लिनुपर्ने निष्कर्ष डा. श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुले राम्रा बैंक तथा वित्तीय संस्थाहरुलाई पनि मर्जरमा लैजान प्रेरित गर्नुपर्ने, खराव संस्थाले गर्दा मर्जरपछि

असल संस्था समेत बिग्रिने डर हुने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (DDA) लाई यथार्थपरक बनाउन न्यूनतम आधारहरू तोक्नुपर्ने, मर्जर भङ्ग भएको अवस्थाको पनि अध्ययन हुनुपर्ने, अवधि तोकेर मर्जरलाई सहुलियत प्रदान गर्नुपर्ने, मर्जर भएका संस्थालाई थप कर छुट दिनुपर्ने, सङ्गठनात्मक संस्कृतिको कुशल सम्मिश्रणमा जोड दिनुपर्ने, मर्जर गर्दा लागत बढ्ने कुरालाई सरकारले सम्बोधन गर्नुपर्ने, मर्जर गर्दा कर्मचारीको तहगत समस्या सम्बोधन हुनुपर्ने, सानो तथा कमजोर संस्थाका लागि मर्जर ल्याइएको भन्ने बुझिनु नहुने लगायतका सुझाव दिनुभएको थियो ।

२०७१ माघ १८ गते, आइतवार

गभर्नरको कार्यालय